## मनहरी गाउँपालिका

# जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**मनहरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रजैया, मकवानपुर**

रञ्जन कालाउनी
अध्यक्ष

# जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

प्रमाणीकरण मितिः२०७९-०६-०७

**प्रस्तावनाः** स्थानीय सरकारप्रति जनताको अपेक्षा र चाहनाको अभिबृद्धि संगै जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्नेतर्फ यस मनहरी गाउँपालिकाको स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ । मनहरी गाउँपालिकाले जनताका समस्या, विकासका आवश्यकता, भोगिरहेका कठिनाईहरुलाई सहज, सरल र छिटो छरितो प्रभावकारी ढंगले संचालन गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखी वनाउदै लगेको छ । स्थानीय सरकार र जनताबीचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वास अभिबृद्धि गर्ने तथा जनताको आशा र भरोसाको केन्द्रको रुपमा विकास गर्ने, जनता र स्थानीय सरकारबीच आपसी समन्वय र सहकार्य वृद्धि गर्न मनहरी गाउँपालिकाको गाउँ सभा एघारौ अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८० देखि कार्यान्वन गर्नेगरि जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी र जनतालाई प्रत्यक्ष फाइदा पुग्ने योजना/कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** तयार गरि लागू गर्न आवश्यक भएकाले यो कार्यविधि बनाई लागु गरिएको छ।

**१. प्रारम्भिकः-**

(क) संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम "जनता सँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि मनहरी गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

**(क) अध्यक्ष/उपाध्यक्ष भन्नालेः-** मनहरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

**(ख) उपाध्यक्ष भन्नाले-** मनहरी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ

**(ग) कार्यपालिका भन्नालेः-** मनहरी गाँउ कार्यपालिकालाई सम्झनु पर्नेछ ।

**(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नालेः-** मनहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।



रन्जन कोलाडती
अध्यक्ष

(ङ) **पूर्वाधार विकास समिति भन्नाले**:- मनहरी गाउँपालिका गाउँकार्यपालिकाले गठनगरेको पूर्वाधार विकास समितिलाई सम्झनु पर्नेछ ।

(च) **आर्थिक विकास समिति भन्नाले**:- मनहरी गाउँपालिका गाउँकार्यपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनु पर्नेछ ।

(छ) **सामाजिक विकास समिति भन्नाले**:- मनहरी गाउँपालिका गाउँकार्यपालिकाले गठन गरेको सामाजिक विकास समितिलाई सम्झनु पर्नेछ ।

(ज) **उपभोक्ता समिति भन्नाले**:- सम्बन्धित वडाका आयोजना कार्यान्वयन स्थलका आयोजनबाट प्रत्यक्ष लाभान्वित समुदायबाट प्रचलिच कानून वमोजिम छनौट भई आयोजना सम्पन्न गर्न गठन भएको जिम्मेवार समितिलाई सम्झनु पर्ने छ ।

(झ) **अनुगमन समिति भन्नाले**:- यस कार्यविधिको दफा ६ बमोजिमको समिति सम्झनु पर्नेछ ।

**३.आयोजना संचालन गरिने क्षेत्रहरु**

जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्नका लागि मनहरी गाउँपालिकाले तपसिल बमोजिमका विभिन्न क्षेत्रहरुको पहिचान गरीयोजना/आयोजना/कार्यक्रम संचालन गर्नसक्नेछ ।

(क) **पूर्वाधार विकास**:- गाउँपालिका अन्तर्गत रहेका ग्रामिण सडक, कृषि सडक निर्माण तथा मर्मत, सामुदायिक विद्यालय भित्रका घेरावार, खानेपानी, रंगरोगन लगायत भौतिक संरचना वा फर्निचर निर्माण तथा मर्मत, साना सिचाई निर्माण तथा मर्मत, काठे पुल निर्माण तथा मर्मत, सार्वजनिक शौचालय निर्माण, सार्वजनिक भवन निर्माण मर्मत तथा घेरावार, खानेपानी आयोजना निर्माण तथा मर्मत, तटवन्ध पहिरो नियन्त्रण, झोरा नियन्त्रण आदि ।

(ख) **आर्थिक विकास**:- मनहरी गाउँपालिकामा कृषि सेवा, पशु स्वास्थ्य सेवा, सहकारी क्षेत्रको विकासको सम्भावनाहरुलाई मध्यनजर गर्दै ती क्षेत्रको विकासका लागि कृषक समुह/सहकारी संस्थाहरुको मागको आधारमा एकमुष्ट अनुदान कार्यक्रम । पर्यटन क्षेत्रको पहिचान र विकासका लागि संभावित क्षेत्रमा पूर्वाधार निर्माण तथा सामाजिक सांस्कृतिक पहिचानको संरक्षण र सम्वर्धन गर्ने खालका आयोजनाहरु, सहकारी क्षेत्रको विकासका लागि सहकारी संस्थाको सुदृढीकरणका लागि अनुदान कार्यक्रमहरु ।

(ग) गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षले पहिचान गरेका पूर्वाधार विकास तथा आर्थिक विकास अन्तर्गत पर्ने अन्य योजना तथा कार्यक्रमहरु र अध्यक्ष/उपाध्यक्षको सिफारिसमा कार्यपालिकाले गरेको निर्णय बमोजिमका अन्य योजना तथा कार्यक्रमहरु एबम् गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा अत्यावस्यक भएको तर गाउँसभाबाट विनियोजन हुन छुट भएका आर्थिक, सामाजिक,

पूर्वाधार विकास, वन तथा वातावरण संरक्षण र सुशासन तथा संस्थागत क्षमता विकास अन्तरगत विषय क्षेत्रका जुनसुकै योजना/कार्यक्रम संचालन गरिने छ ।

**४. आयोजना छनौट विधि वा प्रक्रिया**

**(क) आयोजना/कार्यक्रमका लागि वजेटको सुनिश्चितता:-** मनहरी गाउँपालिकाको गाउँसभाबाट जनतासंग अध्यक्ष र जनतासंग उपाध्यक्ष कार्यक्रम अन्तर्गत विनियोजन गरिएको बजेट रकम ।

**(ख)** आयोजना/कार्यक्रम छनौटका लागि यस कार्यविधिमा उल्लिखित आयोजना/कार्यक्रम संचालनका क्षेत्रहरुमा लेखिएका वा त्यस्तै प्रकारका विषयहरुलाई मध्यनजर गर्दै गाउँपालिका अध्यक्ष र उपाध्यक्षले पहिचान गरेका, निजहरुको अनुगमनका क्रममा देखेका जनताका जरुरी माग सम्बन्धी प्राप्त निवेदन तथा अन्य आवश्यक ठानेका महत्वपूर्ण आयोजना/कार्यक्रमहरु र तत्कालै सम्बोधन गर्नुपर्ने जनताका अति आवश्यक आयोजना/कार्यक्रम छनौट गरिने छ ।

**ग)** यसरी छनौट गरेका आयोजना कार्यक्रमको लागि सोही कार्यक्रमा विनियोजन गरिएको बजेटबाट आ-आफ्नो बजेट सिलिङ्ग ननाघ्ने गरि अध्यक्षको तोक आदेशमा रु.५ लाख सम्म, उपाध्यक्षको तोक आदेशमा रु.५ लाख सम्मका आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने आबस्यक सम्झौता तथा कार्यादेश सोझै प्रमुख प्रशासकीय अधिकृत मार्फत् हुनेछ । यसरी आ-आफ्नो बजेट सिलिङ्ग ननाघ्ने गरि कार्यान्वयन गरिएका योजनाहरु अनुमोदनका लागी कार्यपालिका समक्ष पेश हुनेछ । सो भन्दा बढी लागतको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न गाउँ कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित योजना/कार्यक्रममा रकम छुट्याइने र नियमानुसार सम्झौता कार्यादेशबाट कार्यान्वयन गरिनेछ ।

तर १५ लाख भन्दा बढी रकमका आयोजना भने कार्यान्वयन गर्न आवश्यक सम्झौता तथा कार्यादेश लागायत प्रकृया गाउँ कार्यपालिका बैठकले निर्णय निर्णय गरे पश्चात मात्र हुनेछ ।

**(घ) आयोजना/कार्यक्रम कार्यान्वयन विधिः-** आयोजना/कार्यक्रम छनौट पश्चात पारदर्शी र प्रभावकारी रुपमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रचलित कानून बमोजिमका आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

**(ङ) उपभोक्ता समिति मार्फतः-** सार्वजनिक निर्माण सम्बन्धी कार्यलाई सकेसम्म उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरिनेछ । रु.२ लाखसम्म लागत अनुमान भएका सार्वजनिक निर्माणको लागी सम्बन्धित टोलको टोल विकास संस्था मार्फत् गठन भएको निर्माण समितिबाट समेत कार्यान्वयन गर्न सकिनेछ । यसरी टोल विकास संस्था मार्फत् काम गराउदा उपभोक्ता समितिबाट सम्पन्न गर्दा आवस्यक पर्ने नियमानुसारका कागजात सहित संस्थाको खातामा रकम

भुक्तानी हुने गरि योजना फरफारक गरिनेछ । उपभोक्ता समितिबाट कार्यक्रम कार्यान्वयन गर्दा मनहरी गाउँपालिकाले लागू गरेको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिका आधारमा गरिनेछ ।

**(च) एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेः-** गाउँपालिका अध्यक्ष वा उपाध्यक्षले पहिचान गरी आवश्यकता ठानेका आयोजना/कार्यक्रम संचालनका क्रममा स्थलगत अनुगमन गर्दा आर्थिक/सामाजिक रुपले पिछडिएको समुदायलाई समूहगत सहयोग गर्दा त्यस्ता समूदायलाई प्रत्यक्ष लाभ पुग्ने परियोजना रहेछ बिउपूंजी स्वरुप एकमुष्ट रु.पचास हजारसम्म पूंजीगत अनुदान दिन सकिनेछ । त्यस्तो अनुदान रकम नियमानुसार आवश्क प्रक्रिया पुऱ्याई भुक्तानी गरीनेछ ।

**(छ) कुनै संघ/संस्था वा उपभोक्ता समूह बाटः-** आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, रोजगारी श्रृजना हुने प्रकृतिका योजना/ कार्यक्रमहरु संचालन गर्न पचास प्रतिशत रकम लागत सहभागिता जनाउने प्रतिवद्धता सहित पूँजीगत प्रकृतिको रु.दुई लाख सम्मको प्रस्ताव पेश हुन आएमा अध्यक्ष र उपाध्यक्षले उपयुक्त ठानेमा स्वीकृत गरी कार्यक्रम संचालन गर्न सकिने छ । तर त्यस्तो कामको सम्झौता हुनु अगावै प्रतिबद्धता जनाइएको ५० प्रतिशत रकम गाउँपालिकाको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

**५.आयोजना/कार्यक्रमको फरफारक सम्बन्धी व्यवस्था ।**

दफा ४ वमोजिम छनौट स्वीकृत भई कार्यान्वयन हुने योजना/कार्यक्रमको भुक्तानी देहायानुसार हुनेछ ।

**(क)** उपभोक्ता समिति तथा टोल विकास संस्था मार्फत् कार्यान्वयन हुने आयोजना/कार्यक्रम हरुको फरफारक गर्दा वडा कार्यालयवाट कार्यक्रम सम्पन्न सहीत भुक्तानीको सिफारिस, आयोजनामा भएको खर्चको सार्वजनिकीकरण तथा सार्वजनिक परिक्षण/सुनुवाई, प्राविधिकको मूल्याङ्न तथा कार्यसम्पन्न प्रतिवेदन, योजना/ कार्यक्रमको काम गर्नु पूर्व, काम हुदैं गरेको र काम सम्पन्न भएको अवस्थाको स्पष्ट देखिने तस्विर, दफा ६ बमोजिमको अनुगमन/मुल्याङ्कन समितिको सिफारिस लगायत कार्यालयले तोकेका कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

**(ख)** समूह मार्फत् संचालित कार्यक्रमको फरफारक तथा रकम भुक्तानी बैंक खाता मार्फत् गरिनेछ । भुक्तानी भन्दा अगाडि वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, समूहले गरेको कामको सम्बन्धमा सम्बन्धित समूहले गरेको खर्चको विवरण, प्राविधिकको मूल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन लगायत सञ्चालित योजना तथा कार्यक्रमको स्पष्ट देखिने तस्विर र दफा ६ बमोजिमको



रत्जन कालाखेती

अनुगमन/मूल्याङ्कन समितिको सिफारिस लगायत कार्यालयले तोकेका कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

(ग) एकमुष्ट अनुदान उपलब्ध गराइने कार्यक्रमका लागि आयोजना संचालन भएको पुष्टाई गर्ने आवश्यक कागजात वा प्रमाण, दफा ६ वमोजिमको अनुगमन/मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिकको मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा अनुदान रकम बैंक खाता मार्फत् भुक्तानी गरिने छ ।

(घ) संघ/संस्था वा उपभोक्ता समूह मार्फत् लागत सहभागितामा संचालित कार्यक्रमको रकम भूक्तानीका लागि आयोजना संचालन **भएको पुष्टयाइ गर्ने** आवश्यक कागज प्रमाण सहित दफा अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८ को दफा ३ बमोजिमको अनुमगन तथा मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिकको मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन लगायत आयोजना फरफारकको लागि आवस्यक पर्ने कागजात समेतको आधारमा बैङ्क खाता मार्फत् भुक्तानी गरिने छ ।

**(ङ)** रु. पच्चीस हजार भन्दा कम रकम व्यक्तिलाई भरपाइ गराइ बेयरर चेक मार्फत् र सो भन्दा वढी रकमको भुक्तानी अनिबार्य रुपमा बैंक खाता मार्फत् मात्र गरिने छ ।

**६. सुपरीवेक्षण/अनुगमन**

यस जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न/गराउन तथा समग्र अनुगमन गर्न अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८ को दफा ३ मा व्यवस्था भए बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ । तर गाउँपालिकाको जनतासंग उपाध्यक्ष कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट सञ्चालित रकमको अनुगमनमा अध्यक्ष आफै वा निजले तोकेको कार्यपालिका सदस्य समेतले अनुगमन गर्न सक्नेछ ।

यस समितिले अनुगमन मुल्याङ्कन गरेका कामको, चौमासिक र बार्षिक प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ । समितिले दिएका रचनात्मक सुझाबलाई ग्रहण गर्दै जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई अनुकरणीय, बढी जनमुखी, प्रभावकारी र पारदर्शी बनाउदै आवश्यकता अनुसार परिस्कृत गर्दै लगिनेछ ।

**७.कार्यविधि कार्यान्वयनको सीमा, संशोधन तथा खारेजी:-** यो कार्यविधिमा लेखिएका कुराहरु यसै अनुसार कार्यान्वयन हुने छन । यस बाहेकका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन भने संघिय वा प्रदेश कानूनसँग बाझिएको हद सम्म खारेज हुनेछ । यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक खरिद न र नियमावलीमा भएका प्रावधानहरुको कार्यान्वयनमा संकुचित बनाएको मानिने छैन । गाउँ कार्यपालिकाको ठकले जुनसुकै बखत यो कार्यविधिलाई समय सापेक्ष संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ ।